## सङ्कलनकर्ताले विशेष रुपले याद गर्नुपर्ने विषय

- सहायक नाम दर्ता अधिकारी मार्फत नियुक्ति लिने ।
- सङ्कलनकर्ताको लागि आयोजित तालिममा सक्रिय रुपमा सहभागी हुने ।
- सङ्कलन कार्यका लागि आवश्यक मतदाता नामावली लगायतका अरु सामाग्रीहरु सहायक नाम दर्ता अधिकारीबाट लिने ।
- कुन दिन कुन समयमा कुन गाउँ/टोलमा मतदाता नाम विवरण सङ्कलन गर्ने हो सोको कार्यक्रम तालिका तयार गर्ने र सम्बधित गाउँ/टोलमा पठाउने/जानकारी गराउने ।
- गाउँ/टोलमा सङ्कलन कार्यका लागि जाँदा आफूलाई चाहिने सबै सामाग्री लिई जाने ।
- स्थानीय सहयोग समितिको सहयोग लिने ।
- आफ्नो काममा कुनै दुविधा भएमा सुपरीवेक्षक/सहायक नाम दर्ता अधिकारीसंग सम्पर्क गरी स्पष्ट हुने । आफैले अन्दाज नगर्ने ।
- सङ्कलन अवधिमा निम्न अनुसूची बमोजिमका फाराममा विवरण सङ्कलन गर्ने :

  नाम विवरण सङ्कलन (अनुसूची-३)

  नाम हटाउने विवरण (अनुसूची-४)

  त्रुटि सच्याउने (अनुसूची-५)

  दोहोरो नाम हटाउने (अनुसूची-६)
- सुपरीवेक्षकले माग गरेको विवरण तत्परताकासाथ उपलब्ध गराउने ।
- सङ्कलन कार्य सम्पन्न भए पछि अनुसूची-७ को फाराम अनुसार विवरण अद्यावधिक गर्ने ।
- सङ्कलित सम्पूर्ण विवरण/कागजातहरु सहायक नाम दर्ता अधिकारीलाई बुझाउने ।
- अन्तिम मतदाता नामावली तयार नभएसम्म सहायक नाम दर्ता अधिकारीको सर्म्पकमा रहि रहने ।
- कार्य सम्पन्न भएपछि प्रमुख नाम दर्ता अधिकारीबाट आफ्नो पारिश्रमिक लिने ।

**थप विस्तृत विवरणको निमित्त यस पछाडिका पेजहरु पढनुहोस् ।**

# सङ्कलनकर्ताहरुका लागि सहयोगी पुस्तिका, २०६३

१. <u>पृष्ठभूमि</u> :

लोकतान्त्रिक शासन व्यवस्थाको मुख्य आधार निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्ण निर्वाचन हो । यसका लागि सही मतदाताको त्रुटि रहित नामावली आवश्यक हुन्छ । मतदाता नामावलीमा नाम समावेस भएको व्यक्तिलाई मात्र मतदान गर्ने वा उम्मेदवारी दिने अधिकार प्राप्त हुने हुँदा मतदाता नामावली तयार पार्ने कार्यमा संलग्न हुने सबै पक्षले विशेष ध्यान पुर्‍याउनु अति जरुरी हुन्छ ।

मतदाता नामावली तयार गर्ने प्रकृयामा मतदातासम्म सोझै सम्पर्कमा पुग्ने व्यक्ति सङ्कलनकर्ता नै हो । यस प्रकृयामा नामावलीमा समावेश हुनु पर्ने व्यक्तिको नाम नछुटोस् र मतदाता हुने योग्यता नरहेका व्यक्तिको नाम समावेश नहोस् भन्ने कुरामा अत्यन्त सजग रही मतदाताको त्रुटि रहित विवरण सङ्कलनमा विशेष ध्यान पुर्‍याउनु पर्दछ ।

नामावली सङ्कलन र तयारीमा विभिन्न **अनुसूची फारामहरु** प्रयोगमा आउछन । नामावली तयार गर्न चाहिने विबरण सही ढंगले सङ्कलन गर्न यस्ता फाराम ठीक ढंगले भर्नु पर्ने हुन्छ । यस कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने सङ्कलनकर्ताहरुले नाम विवरण लेखाउने व्यक्तिको सम्पर्कमा नाम विवरण सङ्कलन गर्नु पर्ने हुँदा यस कार्यमा सहयोग पुगोस् भनी केही महत्वपूर्ण विषयहरु समेटी **सङ्कलनकर्ताहरुका लागि सहयोगी पुस्तिका,** २०६३ तयार गरिएको छ ।

२. <u>नाम विवरण सङ्कलन गर्न जानु अगाडि सङ्कलनकर्ताले देहायका कामहरु गर्नु पर्छ</u> :

- सहायक नामदर्ता अधिकारीबाट आफ्नो कार्यक्षेत्रको बारेमा स्पष्ट जानकारी लिने,
- सहायक नामदर्ता अधिकारीबाट सञ्चालन हुने अभिमुखीकरण कार्यक्रममा सहभागी भई विवरण सङ्कलनमा प्रयोग हुने फारामहरु भर्ने/प्रयोग गर्ने तरिका तथा सो सम्बन्धी अन्य कुराहरु बारे पूर्ण जानकारी लिने,
- आफूलाई तोकिएको क्षेत्रको तत्काल कायम रहेको मतदाता नामावली एक प्रति, झोला, सङ्कलनमा प्रयोग हुने अनुसूची फारामहरु, स्टयाम्प प्याड सहायक नामदर्ता अधिकारीबाट बुझिलिने,
- सहायक नाम दर्ता अधिकारीले तोकि दिए बमोजिम नाम, विवरण सङ्कलन गर्न आफ्नो कार्य क्षेत्रको विवरण सङ्कलन गर्ने, कार्य योजना बनाउने ।
- विवरण सङ्कलन गर्न कुनै गाउँ/टोलमा जानुभन्दा अगाडि नै विवरण सङ्कलन शुरु गर्ने दिन, समय र स्थान बारेमा सम्बन्धित टोलका मतदातालाई जानकारी गराउने,

३. <u>मतदाताको योग्यता</u> :

सङ्कलनकर्ताले देहायको योग्यता भएका व्यक्तिहरुको मात्र नाम, विवरण सङ्कलन गर्नुपर्दछ ।

- नेपाली नागरिक,
- २०६३ साल मंसीर मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भएको (२०४५ पौष १ वा सोभन्दा अगाडि जन्म भएको)
- सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडामा स्थायी बसोबास भएको ।

यसरी विवरण सङ्कलन गर्ने क्रममा अनुसूची फारामहरु भर्ने तरिकामा लेखिएका कुराहरुलाई विशेष ध्यान दिनुपर्नेछ ।

४. **नाम विवरण सङ्कलन गर्दा हेर्नुपर्ने प्रमाणहरु :**

(क) मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिने व्यक्तिको पहिचानका लागि देहायका प्रमाणहरुलाई आधार बनाउनु पर्छ ।

- स्थायी बसोबासका सम्बन्धमा आवश्यक परेमा विवरण दिने व्यक्तिसंग वासस्थान खुलेको नागरिकताको प्रमाणपत्र वा एकाघरको सदस्यको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय वा सरकारी स्वामित्व भएको संस्थाबाट जारी भएको परिचयपत्र वा गा.वि.स./न.पा.को सिफारिश वा बसाइ सरी आएको वा विवाह भै आएको प्रमाण ।
- जन्म मिति वा उमेरको सम्बन्धमा आवश्यक परेमा नागरिकता प्रमाणपत्र वा शिक्षण संस्थाद्वारा जारी प्रमाणपत्र वा जन्म दर्ता प्रमाणपत्र ।
- उपर्युक्त अनुसारका प्रमाण नभएकोमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले उमेर र वासस्थान खुलाई गरिदिएको सिफारिस पत्र ।

(ख) प्रमाण पेश गर्न नसक्ने वा प्रमाण पेश भएर पनि जाँचबुझ गर्दा योग्यता पुगेको नदेखिएमा त्यस्तो व्यक्तिको नाम नामावलीमा समावेश गर्नु हुँदैन ।

५. **मतदाता नामावलीमा देहायका व्यक्तिहरुको नाम सङ्कलन गर्नु हुदैन :**

- गैर नेपाली नागरिक,
- २०६३ मंसीर मसान्तसम्ममा १८ वर्ष उमेर नपुगेको अथवा
- सम्बन्धित गा.वि.स. वा नगरपालिकाको वडामा स्थायी बसोबास नभएको,

६. **सङ्कलनकर्ताले भर्नुपर्ने अनुसूची फाराम र सङ्कलन गर्नुपर्ने विवरण :**

| अनुसूची फाराम नं | अनुसूची फारामको विषय |
|---|---|
| ३ | मतदाता नामावलीमा नाम समावेश गर्ने विवरण- सङ्कलन/दरखास्त फाराम |
| ४ | मतदाता नामावलीवाट नाम हटाउन विवरण- सङ्कलन /सूचना फाराम |
| ५ | मतदाता नामावलीमा त्रुटि सच्याउन विवरण- सङ्कलन/दरखास्त फाराम |
| ६ | दोहोरो नाम हटाउन निवेदन दिने फाराम |
| ७ | अद्यावधिक/संशोधित/अन्तिम मतदाता नामावली फाराम |

## ७. अनुसूची फारामहरु भर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरु :

### ७.१ अनुसूची - ३ (मतदाता नामावलीमा नाम थप्ने विवरण-सङ्कलन/दरखास्त फाराम) :

> **तत्काल कायम मतदाता नामावलीमा नाम समावेश नभएका देहायका व्यक्तिहरुको नाम सङ्कलन गर्ने :**
> - नेपाली नागरिक ।
> - २०६३ मंसिर मसान्तभित्र १८ वर्ष पुरा भएको ।
> - विवाह भै आएको ।
> - वसाई सरी आएको ।

- मतदाता हुने योग्यता पुगेका, तर तत्काल कायम रहेको मतदाता नामावलीमा नाम नरहेका व्यक्तिहरुको नाम यो फाराममा सङ्कलन गरिन्छ । तत्काल कायमरहेको मतदाता नामावलीमा नाम भइरहेका मतदाताहरुको नाम भने पुनः सङ्कलन गर्नु हुँदैन/पर्दैन ।
- २०६३ साल मार्ग मसान्तसम्ममा १८ वर्ष उमेर पूरा गरेको व्यक्तिको नाम संकलन गर्नु पर्छ । (जस्तै : २०४५ साल पौष १ गते वा सो भन्दा अगाडि जन्मेका व्यक्ति मात्र १८ वर्ष उमेर पुग्ने हुन्छ ।)
- विवाह भै वा वसाई सरी आएका योग्यता पुगेका व्यक्तिहरुको नाम पनि यसै अनुसूचीमा संकलन गर्नुपर्दछ ।
- यो फाराममा वडागत रुपमा विवरण संकलन गरिनें भएकोले एकै वडाका एक भन्दा धेरै परिवारका व्यक्तिहरुको नाम यसमा क्रमश समावेश हुन्छ तर अर्को वडाका व्यक्तिहरुको नाम भने उही फाराममा सङ्कलन नगरी छुट्टै फाराम प्रयोग गर्नु पर्छ ।
- थप नाम समावेश गर्दा सम्बन्धित मतदाताको विवरण प्रत्येक महलमा अनिवार्य रुपमा भर्नु पर्दछ ।
- नाम सङ्कलन गर्दा दोहोरो पर्न सक्ने सम्भावनालाई ध्यान दिएर सम्बन्धित व्यक्ति वा परिवारको अन्य कुनै स्थानमा नाम समावेश छ, छैन यकिन गरेर मात्र थप गर्नु पर्छ ।
- विवरण उपलव्ध गराउनें मतदाता वा परिवारको सदस्यको सहीछाप गराउन छुटाउन हुदैन ।
- यो फाराम निर्वाचन आयोगले तोकेको अवधिमा भर्नु पर्छ ।

#### ७.१.१ घर र परिवार नं. कायम गर्दा ध्यान दिनुपर्ने कुराहरु :

- घर परिवारको विवरण सङ्कलन गर्दा सम्बन्धित व्यक्तिको गाउँ, वडा, घर नं र परिवार नं. स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ ।
- पहिलेदेखि नै कायम भएका घर परिवारमा कुनै व्यक्तिको नाम थप गर्दा सोही अनुसारकै घर नम्बर र परिवार क्रमसंख्या उल्लेख गर्नु पर्छ ।
- एकै घरमा एक भन्दा वढी परिवार रहदै आएको भए परिवार संख्या समेत मिलाएर लेख्नुपर्छ ।

**उदाहरण**

घर नं. १, २, ३ क्रमशः मिलाएर लेख्नुपर्ने । परिवार संख्या (प.सं.) महलमा एउटा घरमा एउटा मात्र परिवार भए प.सं. १, र एक भन्दा बढी परिवार भए, जति परिवार संख्या छन् त्यतिनै अंक क्रमशः बढाउँदै लग्नुपर्ने । जस्तै एउटा घरमा ३ वटा छुट्टा छुट्टै परिवार बसेको भए पहिलो परिवारको लागि १, दोश्रो परिवारको लागि २ तेश्रो परिवारको लागि ३ आदि ।

- कुनै एक घर परिवारमा कायम भएको मतदाताहरु मध्ये कोही छुट्टी भिन्न भई सोही गा.वि.स. वा न.पा. वडामा वेग्लै घर बनाइ बसेको भए हाल निज जुन ठाउँमा घर बनाई बसेको हो सोही ठाउँको घर नं. को क्रममा मिल्ने गरी अर्को घर परिवार नं. कायम गर्नु पर्दछ । त्यसको लागि वेग्लै फारम नभरी तत्काल कायमरहेको नामावलीमा नै निजको घर नं. र परिवार नं. सच्याई कैफियत महलमा सोको कारण जनाई सहीछाप गर्नु पर्दछ । तर अर्कै गा.वि.स./वडाबाट वसाई सरी आएकोमा अनुसूची-३ को फाराममा र वसाई सरी गएको अवस्थामा अनुसूची-४ को छुट्टै फाराम प्रयोग गर्नु पर्नेछ । मानो/भान्छा मात्र छुट्टिई सोही घरमा बसेको भए घर नं. त्यही कायम राखी परिवार नं. मात्र सच्याए पुग्दछ ।
- घर नं. मा क, ख, ग जस्ता अक्षर लेखिएको छ भने त्यस्तो वडाको सबै घरमा नाम थप गर्दा अक्षर पनि लेख्नुपर्छ तर अक्षर नभई नम्बर मात्र छ भने नम्बर मात्र लेख्नुपर्छ ।
- कुनै घरहरुको बीचमा नयाँ घर थपिएको रहेछ भने नामावलीमा थपिएको नयाँ घरको नम्बर कायम गर्दा जुन घरको क्रमपछि थपिएको हो त्यो घरको नम्वरमा क्रमशः (ड्यास) -१, -२ गरी घर नं. दिंदै जानुपर्छ ।

**उदाहरण**

यदि पहिले कायम भएको घर नं. १ र २ को बीचमा नयाँ दुईवटा घर थपिएमा त्यस्तो घरहरुलाई नम्बर दिंदा १-१ र १-२ दिनु पर्छ । यदि थप भएका घरहरु क-१ र क-२ का बीचमा रहेछन् भने घर नम्वर दिंदा क.१-१, क.१-२ दिनु पर्छ ।

- यदि पहिले कायम भएका कुनै नयाँ घर १-१ र १-२ को बीचमा पनि पुनः अर्को नयाँ घर बनेको रहेछ भने - (ड्यास) पछिको अंकलाई पुनः शुरु देखि क्रमशः घरको क्रम अनुसार मिलाई लेख्दै जानु पर्छ । जस्तै : १–१ र १–२ को बीचमा बनेको नयाँ घरलाई १-२ नम्वर दिने र साविकको १-२ लाई १-३, १–३ लाई १-४ गर्दै क्रमशः लेख्ने ।

### ७.२ अनुसूची - ४ (मतदाता नामावलीबाट नाम हटाउने विवरण सङ्कलन/सूचना फाराम)

- मतदाता नामावलीमा नाम रहेको आफ्नो परिवारको कुनै सदस्यको मृत्यु भएको वा नेपाली नागरिकता गुमाएको वा स्थायी रुपमा बसाई सरी वा विवाह भई अन्यत्र गएको वा मतदाता हुने योग्यता नभएको वा दोहोरो नाम भएको भनी नाम हटाउनको लागि मतदाता वा परिवारको सदस्यले जानकारी गराएमा यसको विवरण अनुसूची ४ को फाराममा सङ्कलन गर्नुपर्दछ ।

  विवरण उपलब्ध गराउने मतदाता/परिवारको सदस्यको महलमा विवरण उपलब्ध गराउनेको नामथर लेखी सही गराउनु पर्दछ ।

> **क कसको नाम हटाउने :**
> - मृत्यु भएको ।
> - नेपाली नागरिकता गुमाएको ।
> - स्थायीरुपमा बसाई सरी गएको ।
> - मतदाता हुने योग्यता गुमाएको ।
> - विवाह भै अन्यत्र गएको ।
> - दोहोरो नाम हटाउन निवेदन परेको ।

- अनुसूची फारम पनि वडागत रुपमा तयार गर्नु पर्छ । तसर्थ एउटै वडा भित्रको विवरण एउटै फाराममा अटाएजति व्यक्तिहरुको नाम, विवरण क्रमशः सङ्कलन गर्नुपर्दछ ।

### ७.३ अनुसूची-५ (मतदाता नामावलीमा त्रुटि सच्याउने विवरण सङ्कलन/दरखास्त फाराम) :

- तत्काल कायम रहेको मतदाता नामावलीमा नाम समावेश भएका मतदाताहरुले आफ्नो र आफ्नो परिवारको सदस्यको कुनै विवरण (मतदाताको नाम, थर, लिङ्ग, जन्म मिति, गाउँ/टोल, घर नं., आदि) मा त्रुटि भएको भनी सच्याउन विवरण दिएकोमा नाम सङ्कलनकर्ताले त्यस्तो विवरण **यो फाराममा** भरी सूचना दिने व्यक्तिको नामथर समेत लेखी सही गराउनु पर्छ ।

> **तत्काल कायम भएको नामावलीमा भएको के कस्तो त्रुटि सच्याउने :**
> - नाम, थर,
> - जन्म मिति,
> - नाता,
> - लिङ्ग,
> - गाउ टोल,
> - माता/पिता/पतिको नाम थर,

- यो फाराम पनि वडागत रुपमा अलग अलग तयार गर्नुपर्छ ।

७.४ **अनुसूची-६ (दोहोरो नाम हटाउन निवदेन सङ्कलन गर्ने)** : तत्काल कायम रहेको मतदाता नामावलीमा नाम भएका कुनै मतदाताले आफ्नो नाम एक भन्दा वढी स्थानमा रहेकोले एक स्थानमा मात्र कायम राखी अन्य स्थानबाट नाम हटाइ दिन अनुसूची-६ बमोजिम प्राप्त निवेदन नामावली सङ्कलनको अवधि भित्र सङ्कलन गरी सहायक नाम दर्ता अधिकारीलाई बुझाउनु पर्नेछ ।

७.५ **अनुसूची-७ (अद्यावधिक मतदाता नामावली फाराम तयार गर्ने )** : सङ्कलनकर्ता आफूले सङ्कलन गरेका मतदाताहरुको नाम, विवरण अनुसूची-७ बमोजिम अद्यावधिक मतदाता नामावली फाराममा तयार गरी सहायक नाम दर्ता अधिकारीलाई बुझाउनु पर्नेछ ।

८. <u>सङ्कलित नाम विवरण बुझाउने</u> :

सङ्कलनकर्ताले विवरण संकलन गरेका अनुसूची फारामहरु (३, ४, ५, ६ र ७) निर्वाचन आयोगले तोकेको अवधिमा सम्बन्धित सहायक नामदर्ता अधिकारी समक्ष बुझाउनु पर्दछ ।

९. <u>सहायक नामदर्ता अधिकारीको नियन्त्रण, निर्देशन र सम्पर्कमा रहनु पर्ने</u> :

- सङ्कलनकर्ताहरु मतदाता नामावली विवरण सङ्कलनको अवधिमा सहायक नामदर्ता अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहनेछन् ।
- सङ्कलित विवरण सहायक नामदर्ता अधिकारीलाई बुझाएपछि पनि सङ्कलनकर्ताहरु अन्तिम मतदाता नामावली तयार नभएसम्म सहायक नामदर्ता अधिकारीको सम्पर्कमा रही रहनु पर्नेछ ।
- सङ्कलित विवरण बुझाइसकेपछि पनि मतदाता नामावली अद्यावधिक गर्ने कार्यमा सहायक नामदर्ता अधिकारीलाई सहयोग पुऱ्याउनु पर्नेछ ।

१०. <u>सुविधा</u> :

- सङ्कलनकर्ताले आफू खटिएको अवधिभरका लागि सुविधा वापत एकमुष्ठ रु.४०००/- (अक्षेरेपी चार हजार मात्र) पारिश्रमिक स्वरुप पाउने छन् ।
- अन्तिम मतदाता नामावली प्रकाशित भएपछि सम्बन्धित प्रमुख नामदर्ता अधिकारीको कार्यालयले यस्तो सुविधा रकम उपलब्ध गराउनें छ ।
- मनासिब कारणले कुनै नाम संकलनकर्ताले तोकिए बमोजिमको पूरा अवधि कार्य गर्न असमर्थ भएमा निजलाई काम गरेको अवधि बराबरको सुविधा दामासाहीले उपलब्ध गराउनु पर्छ ।

११. <u>कर्तव्यपालन</u> :

मतदाताहरुको नाम सङ्कलनका लागि खटिएका सङ्कलकहरुले मतदाता हुन योग्यता पुगेको व्यक्तिको नाम समावेश गर्ने तथा गैर नेपाली नागरिक तथा योग्यता नपुगेका व्यक्तिको नाम नामावलीमा समावेश हुन नदिनु निजको कर्तव्य हुनेछ ।

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ बमोजिम मतदाता नामावलीमा नाम समावेश गर्नु पर्ने कुनै व्यक्तिको नाम वदनियतपूर्वक समावेश नगर्ने वा समावेश नगर्नु पर्ने व्यक्तिको नाम वदनियतपूर्वक समावेश गर्ने सङ्कलनकर्तालाई आयोगले प्रचलित कानून बमोजिम विभागिय कारबाही गर्न सक्नेछ ।

<u>द्रष्टव्य</u> : नाम विवरण सङ्कलन सम्बन्धमा कुनै समस्या परेमा सम्बन्धित सहायक नामदर्ता अधिकारी वा प्रमुख नामदर्ता अधिकारी (जिल्ला निर्वाचन अधिकारी) संग सम्पर्क राख्नु पर्छ ।

**याद गर्नु होस् तपाईको कारणबाट कुनै पनि योग्य व्यक्ति मतदाता हुनबाट वञ्चित नहोस् । तपाईको कारणले कोही छुट्यो भने तपाईलाई पछि सम्म पछुतो हुनेछ ।**